सङ्घीय संसद्

प्रतिनिधि सभा, २०८२

दोस्रो अधिवेशन

बैठक सङ्ख्या- ६४ र ६५

सूचनापत्र - २

(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज १३ गते मङ्गलबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा बिहान १०:१० बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा मा० ध्रुवराज राईले आकस्मिक समय लिएर सम्माननीय प्रधानमन्त्री संसद्मा उपस्थित भएर माननीयहरूको प्रश्नहरूको जवाफ दिनुपर्ने र उक्त विषयमा सरकार गम्भीर बन्नुपर्ने भन्नुहुँदै गत भदौ १० गतेको लागि निर्धारित प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम हालसम्म पनि हुन नसकेकोप्रति ध्यानाकर्षण गराउनुभयो।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० जगत प्रसाद जोशी
२. मा० जगदिश खरेल (ललितपुर)
३. मा० जनक सिंह धामी
४. मा० झवि लाल डुम्रे
५. मा० टीका संग्रौला
६. मा० टुका भद्रा हमाल
७. मा० टेक बहादुर गुरुङ
८. मा० ठाकुर सिंह थारु
९. मा० तारा प्रसाद जोशी
१०. मा० तारा विश्वकर्मा
११. मा० तौफिक अहमद खान
१२. मा० नितिमा भण्डारी (कार्की)
१३. मा० निराशा चौधरी डगौरा
१४. मा० निशा डाँगी
१५. मा० नीनु कुमारी कर्ण
१६. मा० परशुराम तामाङ्ग
१७. मा० पार्वती वि क
१८. मा० पुष्पराज कडेल
१९. मा० प्रकाश चन्द्र परियार
२०. मा० पूर्ण प्रसाद लिम्बु
२१. मा० प्रकाश पाठक
२२. मा० प्रभा ढकाल
२३. मा० प्रमिला कुलूजु
२४. मा० प्रशान्त उप्रेती
२५. मा० प्रेम बहादुर बयक
२६. मा० प्रेम लाल चौधरी
२७. मा० बदन कुमार भण्डारी
२८. मा० देवराज पाठक

तत्पश्चात् शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीय सभापति ओजश्वी शेरचनले राष्ट्रिय सभामा उत्पत्ति भएको "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८३" पेस गर्नुभयो।

त्यसपछि सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

तदुपरान्त उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

तत्पश्चात् माननीय पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले "डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक, २०८३" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेस गर्नुभयो।

त्यसपछि उक्त विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले माननीय पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले "डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक, २०८३" प्रस्तुत गर्नुभयो।

तदुपरान्त सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात् उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले जवाफ दिनुभयोः-

१. मा० सुशीला ढकाल आचार्य
२. मा० साजिदा खातुन सिद्धिकी
३. मा० आरेन राई
४. मा० अफ्साना बानु
५. मा० ललिता कुमारी
६. मा० टुका भद्रा हमाल
७. मा० पुष्पराज कडेल
८. मा० बलावती शर्मा
९. मा० पार्वती वि.क.
१०. मा० गुरु प्रसाद बराल
११. मा० एशुदा कुमारी बराल
१२. मा० गंगादेवी श्रेष्ठ

त्यसपछि सम्माननीय सभामुखले "केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३" माथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्ने बेहोरा जानकारी गराउनुभयो।

तत्पश्चात् माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले जवाफ दिनुभयोः-

१. मा० रमेश कुमार मल्ल
२. मा० आशा झा
३. मा० युवराज दुलाल
४. मा० प्रमिला कुलुजू
५. मा० माधव बहादुर थापा
६. मा० समिना मिया
७. मा० परशुराम तामाङ
८. मा० टुका भद्रा हमाल
९. मा० गुरु प्रसाद बराल
१०. मा० अंकिता ठाकुर
११. मा० पुष्पराज कडेल
१२. मा० नीनु कुमारी कर्ण
१३. मा० विष्णुमाया वि.क.
१४. मा० साजिदा खातुन सिद्धिकी
१५. मा० मोहन लाल आचार्य
१६. मा० प्रभा ढकाल
१७. मा० पुष्पा कुमारी चौधरी
१८. मा० अशोक कुमार चौधरी
१९. मा० डा० लेखजंग थापा

तदुपरान्त सम्माननीय सभामुखले "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३"माथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्ने बेहोरा जानकारी गराउनुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक आजै १५ मिनेटपछि बस्ने गरी दिनको १२:४५ बजे स्थगित भयो।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री बालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

त्यसपछि उक्त विधेयकमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको सम्माननीय प्रधानमन्त्री तथा रक्षा मन्त्री बालेन्द्र शाहको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले जवाफ दिनुभयोः-

१. मा० विक्रम थापा
२. मा० भरत गिरी
३. मा० खुश्बु ओली
४. मा० पुष्पराज कडेल
५. मा० राम लामा
६. मा० बलावती शर्मा
७. मा० युवराज दुलाल
८. मा० रमेश कुमार मल्ल
९. मा० नितिमा भण्डारी कार्की
१०. मा० करिस्मा कठरिया
११. मा० टुका भद्रा हमाल
१२. मा० रीमा विश्वकर्मा
१३. मा० कमल सुवेदी
१४. मा० धर्मराज के.सी.
१५. मा० यज्ञमणि न्यौपाने
१६. मा० भरत प्रसाद पराजुली
१७. मा० सरस्वती लामा
१८. मा० आनन्द बहादुर चन्द
१९. मा० बोध नारायण श्रेष्ठ
२०. मा० सुशील खड्का
२१. मा० एशुदा कुमारी बराल
२२. मा० मधु कुमार चौलागाई
२३. मा० परशुराम तामाङ
२४. मा० कृष्ण हरी बुढाथोकी
२५. मा० पार्वती वि.क.
२६. मा० तारा प्रसाद जोशी
२७. मा० साजिदा खातुन सिद्धिकी
२८. मा० ज्ञानु पौड्याल
२९. मा० ओजश्वी शेरचन
३०. मा० गणेश कार्की

तदुपरान्त सम्माननीय सभामुखले "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३" माथि प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११२ बमोजिम संशोधनको सूचना दिन चाहनु हुने मा० सदस्यहरूले विधेयक शाखा (प्रतिनिधि सभा), सङ्घीय संसद् सचिवालय, सिंहदरबारमा सूचना दिन सक्ने बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रम सङ्ख्या २ मा रहेको कार्यक्रम सूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

तदन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८३ असोज १४ गते बुधबार दिनको १:०० बजे बस्ने गरी दिनको ३:१५ बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव